स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता तथा हास्य कलाकार जितु नेपाल रियालिटी शो "कमेडी च्याम्पियन"को चौथो सिजनमा देखिने भएका छन्। उनी शोको निर्णायकको भूमिकामा देखिन लागेका हुन्। आयोजकले यस विषयमा घोषणा गर्न बाँकी छ।अभिनेता नेपालले भने शोमा आफू निर्णायकको भूमिकामा देखिन लागेको स्वीकारेका छन्। "लामो समयदेखि कमेडीमा छु। शोको निर्णायक हुन म सुहाउँछु" जितुले भने।

**आजको विचार...**



डा. खिमलाल देवकोटा

सरकारका... (दुई पेजमा)



कुल ब्वाय र दिब्या रायमाझी अभिनित फिल्म "बेहुली"को प्रदर्शन मिति तय भएको छ। निर्माताले आयोजित पत्रकार सम्मेलनमा पहिलो झलक सार्वजनिक गर्दै फिल्म २६ भदौमा आउने जनाएका हुन्। द डिभाइन म्यूजिक र सम्मान इन्टरटेनमेन्टको ब्यानरमा फिल्म निर्माण भएको हो। पोस्टरका पात्र गम्भीर भावमा देखिन्छन् भने चोट पनि देखिन्छ। नाडीमा हतकडी बाँधिएको छ। रातो रङ्गको आकर्षक विवाह पहिरन र गहनामा सजिएकी महिला पात्र आँखा चिम्लिएर शान्त मुद्रामा पुरुष पात्रको छातीमा टाउको अडेसाएकी छन्।

❒ वर्ष ३१ ❒ अंक ३४० ❒ २०८३ असार २४ गते बुधबार 8 July 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### रूसी आक्रमणमा मृतकको सङ्ख्या २१ पुग्यो

(रासस/क्युएनए)

**किएभ,** असार २३/युक्रेनमा भएको रूसी आक्रमणमा मृत्यु हुनेको सङ्ख्या बढेर २१ जना पुगेको युक्रेनी अधिकारीहरूले घोषणा गरेका छन् । स्थानीय अधिकारीहरू तथा उद्धार टोलीहरूले उच्च प्रभावित क्षेत्रका दुई क्षतिग्रस्त आवासीय भवनहरूमा पुरिएका व्यक्तिहरूको खोजी तथा उद्धार कार्य जारी राखेको जनाइएको छ । रूसी आक्रमणमा ब्यालेस्टिक मिसाइल, क्रुज मिसाइल लगायत ड्रोनको प्रहार गरेको जनाइएको छ । यस अघि युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले राजधानी किएभमा ठूलो रूसी आक्रमणको चेतावनी दिनु भएको थियो । यस अघि मृतकको सङ्ख्या ११ जना पुगेको रिपोर्ट गरिएको थियो भने यो सङ्ख्या अहिले बढेर २१ जना पुगेको पुष्टि गरिएको छ । रूस र युक्रेनले अर्को पक्षको आक्रमणलाई उल्ट्याएको दाबी गर्दै लगभग दैनिक जसो रिपोर्ट गरिएको छ आदान-प्रदान गरेका छन् । सन् २०२२ फेब्रुअरी -२४ देखि दुई देश बीच चलिरहेको द्वन्द्वका कारण यी दावीहरू अझै सम्म प्रमाणित भने भएका छैनन् ।

# ताल्चा लागेका घर, एक्लिएका बूढापाका

**रामचन्द्र रायमाझी/रासस**

**तानसेन (पाल्पा),** असार २३/ गाउँका अधिकांश घरमा अहिले ताल्चा झुण्डिएका छन् । रोजगारी, अध्ययन र पेसा व्यवसायको खोजीमा युवापुस्ता सहर तथा विदेशतिर जान थालेपछि यहाँका कतिपय गाउँका बस्ती सुनसान जस्तै देखिन्छन् ।

एक समय खेतबारीको चहलपहल र मेलापातले गुन्जिने गाउँ अहिले वृद्धवृद्धाको सहारामा मात्र टिकेको छ । गाउँमा रहेका अधिकांश बूढापाका छोराछोरी र नाति नातिनाको प्रतीक्षामा दिन बिताइरहेका छन् । चाडपर्व वा विशेष अवसरमा मात्र परिवारका सदस्य घर फर्कने भएकाले वर्षको अधिकांश समय बूढापाका एक्लोपनसँग जुध्न बाध्य छन् । तिनाउ गाउँपालिका कचलकी ७९ वर्षीया धनकला बगालेलाई हिजोआज दिन बिताउन निकै गाह्रो छ । बुढेसकाल लागेपछि गाह्रो काम



गर्न सक्दिनन् । घरको सामान्य काम गरेर दिन बित्दैन । दु:खसुखका कुरा गर्ने वरपरका छरछिमेकीका घर सुनसान बन्दै गएका छन् । छिमेकी धमाधम बसाइँसराइ गरी बजार झर्न थालेपछि धनकलाले एक्लो महसुस गर्दै छिन् । तानसेन अर्चलेका रामबहादुर बस्याललाई पनि हिजोआज पुरानो गाउँले दिनको सम्झनाले हुरुक्कै बनाउँछ । नबनाओस् पनि किन, ५०-६० घरधुरी थियो, गाउँमा उर्वरभूमि थियो । हरेकले आफूलाई पुग्ने खाद्यान्न र तरकारी फलाउँथे । सबैजसोका बारीमा फलफूल थिए । बस्तुभाउ पाल्नका लागि दु:ख थिएन तर समयको त्यो चक्र हेर्दाहेर्दै परिवर्तन भएको छ । एक दशकयता एकपछि अर्को गर्दै छिमेकीहरू बसाइँसराइ गरी तराई र सहरतिर गएपछि उनी एक्लिए । उनका जवानीमा सँगसँगै मेलापात र घाँसदाउरा गरेका दौतरी अधिकांश गाउँ छोडेर बसाइँ सरेका छन् । यो अवस्था कचल र तानसेनका ग्रामीण क्षेत्रको मात्र होइन सिङ्गो पाल्पाका अधिकांश ग्रामीण क्षेत्र यतिबेला खाली छन् । सुविधा र अवसरको खोजीमा सहर वा तराईमा बसाइँसराइ गर्ने बढेपछि यहाँका घर खाली भएका हुन् । गाउँमा तीव्र गतिमा विकास हुन थाले पनि यहाँका ग्रामीण बस्ती रित्तिँदै गएका छन् । वैदेशिक रोजगारी र सहरमुखी बसाइँसराइका कारण गाउँका धेरै घर वर्षौंदेखि बन्द छन् । कतिपय घर जीर्ण बन्दै गएका छन् भने केही घरका आँगनमा झारपात उम्रिएका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## एसइई पूरकमा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण



**पाल्पा,** असार २३/ माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ को पूरकअर्थात् ग्रेडवृद्धि परीक्षामा ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले मंगलबार पूरक परीक्षाको नतिजा सार्वजनिक गर्दै ८३ हजार ५२३ जनाअर्थात् ६४.६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको जनाएको छ ।

यही असार १ गतेदेखि ९ गतेसम्म सञ्चालन भएको पूरक परीक्षामा सहभागी हुन एक लाख ४६ हजार ५०७ परीक्षार्थीले आवेदन दिएकामा एक लाख २९ हजार ११४ जना परीक्षार्थी मात्रै सहभागि भएका थिए । परीक्षार्थीले राष्ट्रिय परीक्षा बोर्ड र परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को वेबसाइट, एसएमएस, युएसएसडी तथा आइभीआर सेवामार्फत नतिजा हेर्न सक्ने छन् । नतिजा हेर्न सिम्बोल नम्बर र जन्ममिति प्रयोग गरी ग्रेडसिट डाउनलोड गर्ने व्यवस्था पनि गरिएको छ । परीक्षार्थीको नतिजाप्रति चित्त नबुझेका परीक्षार्थीले असार २५ गतेदेखि ३१ गतेसम्म अनलाइनमार्फत पुनर्योग, उत्तरपुस्तिका अवलोकन तथा पुन: परीक्षणका लागि आवेदन दिन सक्ने छन् ।

## विभिन्न स्थानबाट अवैध लागूऔषध सहित २८ जना पक्राउ

**पाल्पा,** असार २३/ देशका विभिन्न स्थानबाट अवैध लागुऔषधसहित २८ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रूपन्देही, धनुषा, कैलाली, चितवन, झापा, पर्सा, मकवानपुर, दाङ, बर्दिया, उदयपुर, मोरङ, कास्की, धादिङ, कैलाली, महोत्तरी र काठमाडौंका विभिन्न स्थानबाट अवैध लागुऔषधसहित २८ जना पक्राउ परेका हुन् ।

रूपन्देहीको सैनामैना नगरपालिका-६ दुधराक्ष चोकबाट अवैध लागूऔषधसहित एक जना पक्राउ परेका छन् । ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ सय २० मिलिग्राम सहित सोही ठाउँ बस्ने ३९ वर्षीय उमेश पन्तलाई प्रहरीले पक्राउ गरेको हो । यस्तै झापाको बिर्तामोड नगरपालिका-९ बाट अवैध लागूऔषध ब्राउनसुगर



जस्तो देखिने पदार्थ सहित सोही नगरपालिका-४ बस्ने २५ वर्षीय प्रदिप दाहाललाई प्रहरीले पक्राउ गरेको छ । यस्तै काठमाडौंको लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले अवैध लागूऔषध खैरो हेरोइन ९४ ग्राम ७ सय ८० मिलिग्राम, डिजिटल तराजु २ थान र मोबाइल ८ थान सहित ८ जनालाई काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा शंखरापुर नगरपालिका-७ ठेगाना भएका २४ वर्षीय बिशाल शाही, काठमाडौं महानगरपालिका-७ ठेगाना भएका २९ वर्षीय सरोज श्रेष्ठ, सोही महानगरपालिका-३ ठेगाना भएका २८ वर्षीय कृष्ण पण्डित, तनहुँ भानु नगरपालिका-९ ठेगाना भएका ३१ वर्षीय कुमार गुरूङ, मोरङ विराटनगर महानगरपालिका-१६ ठेगाना भएका २७ वर्षीया स्मारिका कार्की, भारत बिहार राज्य अररिया बेला-७ ठेगाना भएका १९ वर्षीय देव कुमार यादव, सुनसरी इनरूवा नगरपालिका-९ ठेगाना भएका १९ वर्षीय सुमित कुमार मेहता र सोही नगरपालिका-९ ठेगाना भएका २० वर्षीय संजिव कुमार ठाकुर रहेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## असारे विकास उस्तै

नेपालमा हरेक वर्ष असार महिना लागेसँगै विकास निर्माणका कामहरू एकाएक तीव्र हुने दृश्य सामान्यजस्तै बनिसकेको छ । आर्थिक वर्षको अन्तिम महिनामा बजेट सक्न हतार–हतार सडक कालोपत्रे गर्ने, नाला बनाउने, भवन निर्माण गर्ने तथा अन्य पूर्वाधारका कामहरू गर्ने प्रवृत्तिलाई आम रूपमा छ । यस्तो अभ्यासले विकासभन्दा पनि सरकारी खर्च सक्ने मानसिकतालाई प्राथमिकता दिएको देखिन्छ । विकास योजनाहरू समयमै तयारी नगर्ने, खरिद प्रक्रिया ढिलो गर्ने, कमजोर योजना व्यवस्थापन तथा जिम्मेवार निकायहरूको लापरवाहीका कारण अधिकांश बजेट वर्षभरि खर्च हुन सक्दैन । यो प्रवृत्ति अहिले पनि दोहोरिएको छ ।

चालु आर्थिक वर्षका लागि सरकारले विनियोजन गरेको पुँजीगत बजेट करिब ४ खर्ब ८ अर्ब रुपैयाँ हो । तर, असार २० गतेसम्म त्यसको साढे ३६ प्रतिशतमात्रै खर्च भएको महालेखा नियन्त्रकको कार्यालयको तथ्यांकले देखाउँछ । अबका केही दिनमा हुने अन्तिम भुक्तानीले यो प्रतिशत थोरै बढ्न सके पनि विनियोजित पूरै रकम खर्च हुने सम्भावना छैन । पुँजीगत खर्च हुन नसक्ने यो प्रवृत्ति यस वर्षको मात्र कथा होइन, दशकौं पुरानो दीर्घरोग नै हो । उता चालु खर्च भने असार २० गतेसम्ममै ८४ प्रतिशतभन्दा बढी भइसकेको छ र यो झन्डै शतप्रतिशत पुग्ने देखिन्छ । असार सकिन लाग्दा सबैजसो सरकारी कार्यालयका कर्मचारीलाई हतार–हतार बजेट सक्न भ्याइनभ्याइ छ । आर्थिक वर्षको अन्त्यमा आएर हतार–हतार र लतपत तरिकाले बजेट खर्च गर्ने यो प्रवृत्तिले बजेट त सकिएला, तर लक्षित उपलब्धि हासिल हुन सक्दैन । यथार्थमा पुँजीगत खर्च हुन नसक्नु भनेको देशमा विकास निर्माणका काम नहुनु हो । अन्त्यमा असार महिनामा मात्र ठूलो रकम खर्च गर्दा कामको गुणस्तरमा गम्भीर प्रश्न उठ्ने गरेको छ । वर्षायाममा गरिएको सडक कालोपत्रे छिट्टै भत्किने, निर्माण सामग्री गुणस्तरहीन हुने तथा सार्वजनिक सम्पत्तिको आयु छोटिने समस्या बारम्बार दोहोरिने गरेको छ । असारे विकासले राज्यको स्रोत–साधनको दुरुपयोग मात्र गर्दैन, जनताको करबाट संकलित रकमको प्रभावकारी उपयोगमाथि पनि प्रश्न खडा गर्छ । बजेट खर्च हुनु मात्र उपलब्धि होइन, त्यसले दीर्घकालीन, गुणस्तरीय र जनमुखी परिणाम दिनु नै वास्तविक विकास हो । त्यसैले विकास आयोजनाको योजना, ठेक्का प्रक्रिया, कार्यान्वयन र अनुगमन समयमै सम्पन्न हुने प्रणाली निर्माण गर्न आवश्यक छ ।

## Opinion @ Social Network

हासेर जिउने गर,
हरेक दिन घाम मात्र हैन जिन्दगी पनि ढल्किरहेको हुन्छ..।
*(अस्मिता लम्सालको फेसबुक स्टाटसबाट www.facebook.com/Asmita.Lamsal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकारका १०० दिन : आशाको उज्यालोमा आशंकाका बादल पनि



डा. खिमलाल देवकोटा

बालेन सरकारको हनिमुन अवधि समाप्त भएको छ । नेपाली राजनीतिमा भिन्न परिवेशमा, अप्रत्याशित रूपमा गठन भएको जेनजी आन्दोलनको खरानीको जगमा उभिएको सरकारको समीक्षा गर्न सहज काम पक्कै होइन । विगतका सरकारका बारेमा भन्दा यो सरकारका बारेमा टिप्पणी चुनौतीपूर्ण छ । एकथरी सरकारका हरेक काम राम्रै राम्रो देख्नेहरू छन्, विरोध वा आलोचनाका स्वरहरू आए भने अरिङ्गालकै शैलीमा सामाजिक सञ्जालमा झम्टाइ खानु छ । अर्काथरी जे गरे पनि आलोचनात्मक छन् । निष्पक्ष हुन कठिन छ । तथापि वस्तुनिष्ठ हुने प्रयत्नका साथ यो लेख तयार गरिएको छ । नेपालमा कुनै पनि नयाँ सरकार गठन हुँदा जनताका अपेक्षा असाधारण हुन्छन् । राजनीतिक अस्थिरता, सुस्त अर्थतन्त्र, बेरोजगारी, भ्रष्टाचार र कमजोर सेवा प्रवाहबाट आजित नागरिकले प्रत्येक नयाँ नेतृत्वमा परिवर्तनको सम्भावना देख्छन् । जेनजी आन्दोलनको खरानीमा उभिएको परिवेश, पुराना दलका नेता-कार्यकर्तामा छाएको त्रास समेतका कारण बालेन नेतृत्वको सरकार गठन हुँदा पनि जनताले यसलाई केवल सरकार परिवर्तनका रूपमा होइन, राजनीतिक कार्यशैली परिवर्तनको अवसरका रूपमा हेरेका छन् । बालेन सरकारले १०० दिन पूरा गरेको छ। अन्तर्राष्ट्रिय अभ्यासमा पनि १०० दिनलाई सरकारको अन्तिम मूल्याङ्कन गर्ने आधार मानिँदैन, यो केवल प्रारम्भिक आकलनसम्म हो । तर यसले सरकारको प्राथमिकता, नेतृत्वको क्षमता र नीति कार्यान्वयनको दिशाबारे स्पष्ट सङ्केत भने अवश्य दिन्छ । यस दृष्टिले हेर्दा बालेन सरकारका पहिलो १०० दिन उत्साहजनक सुरुआत र विधिको लय नमिलेको अवस्थामा अगाडि बढिरहेको देखिन्छ ।

**सरकारका सकारात्मक पक्ष**

आउनुहोस्, सरकारका सकारात्मक कुराबाट आरम्भ गरौं । सरकारको पहिलो सकारात्मक पक्ष भनेको निर्णय गर्ने तत्परता हो । विगतका धेरै सरकार गठबन्धनका हुन्थे, सबैको मत मिल्दैनथ्यो । अनि निर्णय लिनै नसक्ने, फाइलहरू महिनौंसम्म रोक्ने र प्रशासनिक अनिर्णयमा अल्झिने आलोचनाबाट गुज्रिएका थिए । अहिले भने सरकारलाई त्यो बाध्यता छैन, त्यसकारण पनि कम्तीमा निर्णय लिन तयार देखिएको छ । यसले प्रशासनमा केही त्रासका साथ भए पनि शीघ्रता र गतिशीलता आएको अनुभूति गराएको छ । दोस्रो, सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई राजनीतिक एजेन्डाको केन्द्रमा राख्ने प्रयास गरेको देखिन्छ । सार्वजनिक रूपमा जवाफदेही, पारदर्शिता र अनियमितता विरुद्ध शून्य सहनशीलताको प्रतिबद्धता व्यक्त गरेको छ । तर नेपालको अनुभवले एउटा कुरा सिकाएको छ कि भ्रष्टाचार विरुद्धको लडाइँ भाषणले होइन, निष्पक्ष अनुसन्धान, अभियोजन र अदालतको अन्तिम निर्णयले मात्र प्रमाणित हुन्छ । त्यसैले यो क्षेत्रमा सरकारको वास्तविक मूल्याङ्कन हुन अझ समय लाग्नेछ । तेस्रो, सरकारले प्रशासनलाई परिणाममुखी बनाउन खोजेको देखिन्छ । मन्त्रालयहरूको कार्यसम्पादन समीक्षा, समयसीमा तोक्ने अभ्यास र सेवा प्रवाह सुधारका प्रयास सकारात्मक सङ्केत हुन् । यद्यपि यी प्रयासहरू प्रशासनिक संयन्त्रले सहर्ष स्वीकार गरेमा, स्वामित्व ग्रहण गरेमा र स्थायी प्रशासनिक संस्कृतिमा रूपान्तरण हुनसके मात्र यसको अर्थ रहनेछ । तर सरकारको वास्तविक परीक्षा राजनीतिक घोषणामा होइन, जनताको दैनिक जीवनमा आएको परिवर्तनमा हुन्छ । जनताले गरेको महसुस वा आत्मसातीकरणमा हुनेछ ।

**आर्थिक र संरचनागत चुनौती**

पहिलो सय दिनमा आमनागरिकले सबैभन्दा बढी महसुस गर्ने विषय अर्थतन्त्र हो । सरकारको ढुकुटी सीमित छ, जनताका आकाङ्क्षा व्यापक छन् । यसै कारणले यस क्षेत्रमा सरकारको उपलब्धि सीमित देखिन्छ । कमाउनेले तिर्ने प्रगतिशील करको सिद्धान्तभन्दा भान्सा र बिजुलीमा करको भार थोपरेर मध्यम वर्गलाई छुट दिने र आधारभूत वर्गलाई थोपर्ने नीति बजेटले लियो । यसले आमजनतामा सकारात्मक सन्देश दिनसकेको छैन । बजारमा मूल्य वृद्धिको दबाब उल्लेखनीय रूपमा कायमै छह बढेको छ, घटेको छैन । दैनिक उपभोग्य वस्तु, शिक्षा, स्वास्थ्य र निर्माणसँग सम्बन्धित खर्च अझै सर्वसाधारणका लागि चुनौती बनेकै छन् । सरकारले केही सकारात्मक आर्थिक सङ्केतहरूको चर्चा गरे पनि ती सूचकहरू सामान्य नागरिकको भान्सासम्म पुग्न सकेका छैनन् । आर्थिक नीतिको सफलता अन्ततः तथ्याङ्कले मात्र होइन, नागरिकको भोगाइ, महसुसगराइ र जीवनस्तरले मापन हुन्छ । रोजगारी अर्को गम्भीर चुनौती हो । प्रत्येक वर्ष हजारौं युवा अवसरको खोजीमा विदेशिइरहेका छन् । वैदेशिक रोजगार नेपाली अर्थतन्त्रको आधार बने पनि यो दीर्घकालीन समाधान होइन । पहिलो १०० दिनमा उत्पादन वृद्धि, उद्योग विस्तार र निजी क्षेत्र मार्फत रोजगारी सिर्जना गर्ने आधार सहितको ठोस उपलब्धिको सङ्केत पनि देखिएन । निजी क्षेत्रको मनोबल बढाउनु पनि सरकारको प्रमुख दायित्व हो । उद्योगी-व्यवसायीले स्पष्ट नीति, स्थायित्व र प्रशासनिक सहजता खोजिरहेका छन् । लगानीकर्ताको विश्वास पुनःस्थापित नगरी आर्थिक पुनरुत्थान सम्भव छैन । यसका लागि बजेटका माध्यमबाट प्रयत्न गरेको छ । 'यो बजेट मध्यमवर्ग केन्द्रित हो' भन्दै थुप्रै कर छुटका प्रावधानहरूको घोषणा गरिएको छ । तर 'ठेकेदारका खुट्टा भाँचेर भए पनि काम गराउने' भन्ने मन्त्रीको भनाइ वा 'रूखमा बाँधेर भए पनि काम गराइन्छ' भन्ने प्रधानमन्त्री स्वयम्को निर्वाचनका बखतको बोलीले त्यो पङ्क्ति त्रासमा छ, कामको परिणाममा छैन । सँघीय शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयन पनि सरकारको अर्को परीक्षा हो । संविधानले सै, प्रदेश र स्थानीय तह बीच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई स्वीकार गरेको छ । तर व्यवहारमा अधिकार बाँडफाँट, कर्मचारी व्यवस्थापन, वित्तीय हस्तान्तरण र कानूनी अस्पष्टताका प्रश्न अझै समाधान हुनसकेका छैनन् । दर्जनौं अध्यादेश र नयाँ कानून आउँदा निजामती, शिक्षा जस्ता कानून अझै अलमलमा छन् भने प्रहरी समायोजनको कुनै छाँटकाँट छैन । बरु 'प्रदेश खारेजी' को भाष्यले नकारात्मक ग्राफ बढाएको छ । पहिलो १०० दिनमा यी संरचनागत समस्याको दीर्घकालीन समाधानतर्फ उल्लेखनीय पहल देखिएन । सँघीयता सफल बनाउन राजनीतिक इच्छाशक्ति मात्र पर्याप्त हुँदैनह संस्थागत समन्वय र कानूनी स्पष्टता पनि आवश्यक हुन्छ । पूर्वाधार विकासका क्षेत्रमा पनि मिश्रित अवस्था देखिएको छ । सरकारले राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकता दिएको जनाएको छ । तर नेपालमा विकासको मुख्य समस्या बजेट अभावभन्दा बढी कार्यान्वयन क्षमताको कमजोरी हो । खरिद प्रक्रिया, ठेक्का व्यवस्थापन, समन्वय अभाव र प्रशासनिक ढिलासुस्तीका पुराना समस्या अझै कायम छन् । 'आधा समय बजेट पुगेन' भन्ने रडाको, 'बाँकी आधा समय खर्च गर्न सकेन' भन्ने गुनासो बजेटका भाष्य बनेका छन् ।

**कार्यशैली र विवादित कदम**

सरकारले जनतासँग प्रत्यक्ष होइन, सामाजिक सञ्जाल मार्फत संवाद गर्ने नयाँ शैली अपनाएको छ । आधुनिक लोकतन्त्रमा यस्तो संवाद आवश्यक पनि हो । तर संवाद मात्र पर्याप्त हुँदैन । जनताले अन्ततः फेसबुक पोस्ट, भिडियो वा भाषण होइन, आफ्नो प्रत्यक्ष भेटघाटका माध्यमबाट आफ्नो दैनिक जीवनमा आएको परिवर्तनलाई आधार बनाएर सरकारको मूल्याङ्कन गर्छन् । 'मेरिटोक्रेसी' लाई नारा बनाएको सरकारले १५ सय ९४ नियुक्ति ठाडो अध्यादेशका माध्यमबाट खारेज गर्दा रास्वपाले नै सम्हालेको मन्त्रालयका माध्यमबाट प्रतिस्पर्धामा छानिएका अब्बल विश्वविद्यालयका पदाधिकारीहरू पनि हटाइए । अहिले ती स्थान आफ्नाहरूबाट भरिँदैछ भन्ने छनक दिएको छ । संवैधानिक नियुक्तिमा देखाएको अनावश्यक चासोले राम्रो सन्देश दिएको छैन । प्रतिशोध देखिने हतारका गिरतारीले सरकारका कामकारबाही निष्पक्ष देखिएका छैनन् । 'नेपालले पनि भारतको सीमा मिचेको' भन्ने अभिव्यक्ति, मेयर छँदा 'ग्रेटर नेपाल' को नक्शा राखेको घटना, विदेशी कूटनीतिज्ञहरूलाई गरेको अमर्यादित व्यवहार, संवैधानिक अङ्गका पदाधिकारीहरूलाई बन्धक बनाएर काम लगाउने शैली सदैव आलोच्य विषय हुन्ह जसले सरकारको छवि धुमिल्याउने खतरा छ । ५२ सचिव हटाएर ५७ सचिवसरहका सल्लाहकारको नियुक्ति सुशासनका दृष्टिले बिल्कुलै म्याच खाँदैन । नियमित ब्युरोक्रेसीलाई नपत्याउँदा, यसअघि पटक-पटक अभ्यास भएको तर फेल भएकै अभ्यास पछ्याउँदा असफलता नै हात लाग्ने हो, यसतर्फ ध्यान दिएको देखिएन । सुकुमवासीको उठीबासको तरिका र परिणाम दुवै स्वीकार्य भएनन् । सत्तारूढ पार्टीको पहिलो महाधिवेशन, व्यवस्थापन, निर्वाचन र दस्तावेज पेश तथा पारितको तरिकाले लोकतन्त्र होइन, अधिनायकतन्त्रको झल्को देखियो । त्यसको अपजस सरकारमा पर्ने निश्चितै छ । बिचौलिया अन्त्यको नारा निकै लोकप्रिय छ, तर यातायात लगायत थुप्रै क्षेत्रको सिन्डिकेट तोड्नेतर्फ कुनै चर्चा पनि भएन । यसले 'सरकार सिन्डिकेटको चङ्गुलमा फस्यो कि ?' भन्ने आशङ्काले ठाउँ पाएको छ ।

**निष्कर्ष र अबको बाटो**

सरकारका समर्थक र आलोचक दुवैका तर्कमा केही सत्यता छ । समर्थकहरूका अनुसार, १०० दिनमा दशकौं पुराना समस्या समाधान गर्न सम्भव हुँदैन । आलोचकहरूका अनुसार, जनताले देख्ने गरी कम्तीमा केही ठोस परिणाम आउनुपर्ने थियो । यथार्थ यी दुई दृष्टिकोणको बीचमा छ । लोकप्रियतावादी रुझानबाट सत्तारोहण गरेको सरकारलाई अब लोकप्रिय नाराभन्दा अप्रिय तर परिणाममुखी, कठिन निर्णयहरूको आवश्यकता छ । अर्थतन्त्रलाई चलायमान बनाउने, निजी क्षेत्रको विश्वास जित्ने, रोजगारी सिर्जना गर्ने, सँघीय शासनलाई प्रभावकारी बनाउने, सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने र भ्रष्टाचार विरुद्ध आग्रह होइन, निष्पक्ष कारबाहीलाई संस्थागत गर्ने कार्य अबको प्राथमिकता बन्नुपर्छ । लोकतन्त्रमा कुनै पनि सरकारको सफलता विपक्षीले गर्ने प्रशंसाले होइन, जनताले गर्ने विश्वासले मापन हुन्छ । त्यो विश्वास भाषणबाट होइन, जनताको अनुभूति र दैनिक जीवनको भोगाइको परिणामबाट प्राप्त हुन्छ । त्यसैले बालेन सरकारका पहिलो १०० दिनको निष्कर्ष एक वाक्यमा भन्नुपर्दा– सरकारले आशङ्का सहित आशा जगाउन सफल भएको छ, तर त्यो आशालाई उपलब्धिमा रूपान्तरण गर्ने सबैभन्दा कठिन चरण अब शुरु भएको छ । जनताको अपेक्षा पूरा गर्ने, भूराजनीतिक जटिलतालाई झेल्दै कूटनीतिक मर्यादा र सन्तुलन कायम गर्ने, राष्ट्रियता, एकता र स्वाभिमान अभिवृद्धि गर्दै जनताका समस्याको समाधानसँगै जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने सरकारका कार्यभार हुन् । राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई केन्द्रमा राखी गरिने कार्य नै मूल्याङ्कनका आधार हुन् । आगामी महिनाहरूमा सरकारको वास्तविक मूल्याङ्कन नाराले होइन, नागरिकले प्रत्यक्ष अनुभूति गर्ने परिवर्तनले गर्नेछन् ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम सजिलै पूरा हुनेछन्। आफ्ना काममा प्राथमिकता राख्नु उपयुक्त हुनेछ। | **तुला**: काम मिलाउने सोच आउन सक्छ। पुराना काम पूरा गर्नु उपयुक्त समय देखिन्छ। |
| **वृष** : टुङ्गो लगाउन खोजेको विषयमा प्रगति हुनेछ। सानो प्रयासले राम्रो नतिजा दिनेछ। | **वृश्चिक** : मन मिल्ने व्यक्तिसँग भेटघाट हुनेछ। सानो सहयोगले ठूलो खुसी दिन सक्छ। |
| **मिथुन** : घरमा रमाइलो वातावरण बन्नेछ। जिम्मेवारी समयमै पूरा गर्नु राम्रो हुनेछ। | **धनु** : कसैले सुझाव खोज्न सक्छ। शान्त स्वभावले धेरै कुरा मिलाउन सकिनेछ। |
| **कर्कट** : धेरै ठाउँमा आउजाउ हुन सक्छ। नयाँ व्यक्तिसँग चिनजान बढ्नेछ । | **मकर** : काम गर्ने इच्छा जाग्न सक्छ। परिवर्तनले दिनलाई रमाइलो बनाउनेछ। |
| **सिंह** : आवश्यक काममा खर्च हुन सक्छ। सानो बचतले पनि ढुक्क बनाउनेछ। | **कुम्भ** : कार्यमा योजना बन्न सक्छ। सबैको विचार सुनेर निर्णय गर्दा राम्रो हुनेछ । |
| **कन्या** : विश्वासले नयाँ जिम्मेवारी ल्याउन सक्छ। व्यवहारमा नम्रता राख्नु राम्रो हुनेछ। | **मीन** : पुरानो साथी अचानक भेट हुन सक्छ। मनमा छुट्टै उत्साह थप्नेछ। |

## कला मनोरञ्जन

# 'बेहुली' भदौ २६ गतेदेखि प्रदर्शनमा आउने




चलचित्र 'बेहुली' भदौ २६ गतेदेखि देशभरका सिनेमाघरमा रिलिज हुने भएको छ । राजधानीमा एक कार्यक्रम गर्दै निर्माण युनिटले पोस्टर र प्रदर्शन मिति सार्वजनिक गरेको हो । 'द डिभाइन म्युजिक' र 'सम्मान इन्टरटेन्मेन्ट'को ब्यानरमा निर्माण भएको चलचित्रको सार्वजनिक पोस्टरले निकै गहिरो र विद्रोही प्रेमकथाको झल्को दिन्छ। तस्बिरमा अभिनेता पारस बम ठकुरी (कुलब्वाय) को अनुहारमा गम्भीर भाव र सामान्य चोट देखिन्छ भने उनको नाडीमा हतकडी झुन्डिएको छ । रातो रङ्कको आकर्षक विवाह पहिरन र गहनामा सजिएकी दिव्या रायमाझीले आँखा चिम्लिएर शान्त मुद्रामा पारसको छातीमा टाउको अडेसाएकी छन् । कार्यक्रममा कलाकार द्वय पारस र दिव्या पोस्टरकै हुबहु आवरणमा मिडियासामु प्रस्तुत भएका थिए । दिव्या दुरुस्तै बेहुलीको पहिरनमा थिइन्, अनि पारसको हातमा हतकडी थियो । मञ्चमै उनीहरूले एक अर्काप्रतिको प्रेमिल भाव व्यक्त गर्दा उपस्थित सञ्चारकर्मी र अतिथिको ध्यान तानिएको थियो । चलचित्रमा यी दुईका अलावा सुशान्त कार्कीको पनि प्रमुख अभिनय छ । निर्माण पक्षले तिजको उल्लासमय माहौल र बेहुलीको मर्मस्पर्शी कथाबिचको संयोजनले दर्शकलाई एउटा फरक सिनेम्याटिक अनुभव दिने विश्वास लिएको छ । सशान कँडेलको निर्देशन रहेको चलचित्रमा पारस, दिव्या र सुशान्तलाई पदम तामाङ, सन्तोष बानियाँ, सरिता गिरी, विशाल पहारी, कर्मा लामा, दीपक गौली, विमल यादव, अविरल श्रेष्ठ, सविन कट्टेल र समायरा थापा मगरलगायतको अभिनय छ ।नरेन्द्र मैनालीको क्यामेरा, विकास दाहालको सम्पादन र रोशन श्रेष्ठको एक्सन चलचित्रमा छ । चर्चित सङ्गीतकार अर्जुन पोखरेलले निर्माण गरेको चलचित्रमा प्रताप शमशेर राणा निर्माता, कार्यकारी निर्मातामा शङ्कर कोइराला र रमेश सिलवाल, सह-निर्माता दुर्गा खरेल र शिशिर श्रेष्ठ छन्रु भने कोसिस राज क्षेत्री र सम्राट क्षेत्री लाइन प्रोड्युसर हुन् । चलचित्र काठमाडौँ उपत्यकाभित्र काफिया फिल्म्स र बाहिर श्री व्यंकटेश इन्टरटेन्मेन्टले वितरण गर्नेछन् ।

*-रातोपाटी डटकम*

# ६१ वर्षको उमेरमा आमिरले गरे तेस्रो बिहे



'मिस्टर परफेक्सनिस्ट' को रूपमा परिचित बलिउड अभिनेता आमिर खान तेस्रो पटक विवाह बन्धनमा बाँधिएका छन् । उनले आइतबार दिउँसो १२:४५ बजे मुम्बईको बान्द्रास्थित आफ्नो निवासमा प्रेमिका गौरी स्प्राटसँग कानुनी रूपमा विवाह गरेका हुन् । उनीहरूको विवाहमा परिवारका सीमित सदस्य र नजिकका साथीभाइको मात्र उपस्थिति रहेको थियो । यसैबीच, आमिर र गौरीको विवाहको पहिलो तस्वीर सार्वजनिक भएको छ, जसमा उनीहरू भुइँमा बसेर टेबलमा विवाहसम्बन्धी कागजातमा हस्ताक्षर गरिरहेका देखिन्छन् । गौरीको हातमा औँठी राखिएको बक्स पनि देखिन्छ । आमिरका छोरा आजाद एकातिर बसेका छन् भने गौरीका छोरा पनि तस्वीरमा देखिएका छन् । साथै, आमिरकी आमा पनि विवाहमा उपस्थित भएकी थिइन् । आमिरले सन् २०२५ को मार्च १४ मा आफ्नो ६०औँ जन्मदिनको अवसरमा आयोजित एक कार्यक्रममा पहिलो पटक गौरीलाई सञ्चारमाध्यमसँग परिचय गराएका थिए । त्यसक्रममा उनले आफू र गौरीको पहिलो भेट करिब २५ वर्षअघि भएको र पछि आृनी काकाकी छोरी नुजहत खानमार्फत फेरि सम्पर्कमा आएको खुलासा गरेका थिए । उनले भनेका थिए, 'म सधैं राम्रो सम्बन्धमा रहन पाएकोमा आफूलाई भाग्यमानी ठान्छु । रिना र मैले १६ वर्ष सँगै बितायौं । त्यसपछि किरण र मैले पनि १६ वर्ष सँगै बितायौं, र धेरै हिसाबले हामी अहिले पनि एकअर्कासँग जोडिएका छौं । ती सम्बन्धबाट मैले धेरै कुरा सिकेको छु । गौरीसँग भने म आफूलाई निकै स्थिर र सन्तुष्ट महसुस गर्छु ।' आमिरले पहिलो विवाह सन् १९८६ मा रीना दत्तासँग गरेका थिए । उनीहरूका दुई सन्तान छन्, जुनैद र आइरा । तर, १६ वर्षपछि उनीहरूको वैवाहिक सम्बन्ध अन्त्य भयो । त्यसपछि आमिरले किरण रावसँग सन् २००५ मा विवाह गरे । उनीहरूका एक छोरा आजाद छन् । यो विवाह पनि करिब १६ वर्ष टिक्यो । डिभोर्सपछि पनि आमिरको दुवै पूर्वपत्नीसँग निकै राम्रो सम्बन्ध छ ।

**को हुन् गौरी ?**

बेंगलुरुकी गौरी हाल आमिर खान प्रोडक्सन्ससँग आबद्ध छिन् । फिल्म निर्माणमा प्रवेश गर्नुअघि उनी बेंगलुरुस्थित एक चर्चित सैलुन चेनमा कार्यरत थिइन् । पछि उनले आफ्नो करिअरलाई फिल्म निर्माणतर्फ मोडिन् । उनले सन् २००४ मा यूनिभर्सिटी अफ आर्ट्स, लण्डनबाट फेसन, स्टाइलिङ र फोटोग्राफीमा डिग्री समेत हासिल गरेकी छन् । आमिरसँगको उनको दोस्रो विवाह हो ।

*-सेतोपाटी डटकम*

# प्रदीपसँगको सम्बन्धबारे सन्तोष भन्छन्, 'हाम्रो आत्मीयता सधैं रहन्छ'



कुनै बेला निर्माता तथा निर्देशक सन्तोष सेन र अभिनेता प्रदीप खड्काको मित्रतालाई उदाहरणको रूपमा लिइन्थ्यो । दुवै एकअर्काका परिपूरकजस्ता थिए । 'प्रेमगीत'देखि यसको तेस्रो श्रृंखलासम्म उनीहरूबीच फिल्ममा निरन्तर सहकार्य भयो । तर, 'प्रेमगीत ३' प्रदर्शनपछि दुवै दुई ुवझैँ देखिए । फिल्मको आर्थिक विषयलाई लिएर उनीहरूबीच तिक्तता उत्पन्न भएको बताइन्छ । तर, सन्तोषले प्रदीपसँग सम्बन्ध चिसिएको भन्ने हल्लाको खण्डन गरेका छन् । सोमबार साँझ प्रदीपसँगको एक भेटको तस्वीर सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गर्दै उनले आफूहरू सधैंभरि साथमा रहने बताएका छन् । प्रदीपसँगको आफ्नो सम्बन्ध कामले मात्र नभइ विश्वास, आत्मीयता र वर्षौंदेखिको यात्राले बनेको उनको भनाइ छ । प्रदीपलाई आफूले अरू ठाउँमा काम गर्न नदिएको भन्ने मनगढन्ते भाष्य बनाइएको भए पनि वास्तविकता फरक रहेको उनको दाबी छ । प्रदीप र आफूले बाहिरका टिमसँग २-३ वटा प्रोजेक्ट गरेको बताउँदै उनले त्यसलाई विभिन्न ढंगले बढाइचढाइ गरेर यताको उता र उताको यता जोड्दै बीचमा आफैं पर्खाल बन्ने र त्यसमै रमाउनेहरू रहेको उल्लेख गरेका छन् । उनले प्रदीप र आफूले जमिनबाट यात्रा सुरु गरेको बताउँदै अगाडि भनेका छन्, 'हाम्रो यात्रा फरक छ । हामी जमिनबाटै सुरु गरेको मान्छे हौं । एउटै सिँढीमा सँगै पाइला टेक्दै आज यहाँसम्म आइपुगेका हौं । त्यसैले बाहिरबाट बनाइने हल्लाले हाम्रो सम्बन्धको उचाइ न त घटाउन सक्छ, न त बदल्न सक्छ । हामी हिजो पनि सँगै थियौं, आज पनि छौं र भोलि पनि रहनेछौं ।' उनले प्रदीपसँग जुनसुकै बेला सँगै काम हुन सक्ने पनि उल्लेख गरेका छन् । उनी भन्छन्, 'काम आज सँगै हुन सक्छ, भोलि छुट्टाछुट्टै पनि हुन सक्छ, वर्षौंसम्म सँगै नहुन पनि सक्छ । तर हाम्रो आत्मीयता जस्तो थियो, त्यस्तै छ र सधैं रहन्छ । पानी बाराबर भयो, सम्बन्ध बिग्रियो भन्ने जस्ता कुरा चिया गफका मसला बन्न सक्छन्, तर वास्तविकतासँग यसको कुनै सम्बन्ध हुँदैन ।' गत वर्ष प्रदर्शन भएको फिल्म 'बलिदान'ले बक्स अफिसमा अपेक्षित व्यापार नगरेपछि निराश देखिएका सन्तोष यतिबेला आृनो सफल फ्रेन्चाइज 'प्रेमगीत'को चौथो श्रृंखला निर्माणको तयारीमा जुटेको चर्चा छ । यस्तोमा उनको भेट प्रदीपसँग हुनुलाई अर्थपूर्ण रूपमा हेरिएको छ । निकट स्रोतका अनुसार 'प्रेमगीत ४'मा प्रदीप दोहोरिने लगभग निश्चित छ ।

*-फिल्मीखबर डटकम*

# 'लालीबजार'को कमाइ नौ करोड ३२ लाख नाघ्यो




चलचित्र विकास बोर्डले नेपाली चलचित्रहरूको पछिल्लो बक्स अफिस विवरण सार्वजनिक गरेको छ । बोर्डले सोमबार सार्वजनिक गरेको विवरण अनुसार 'लालीबजार', 'रोल नं. १', 'आई एम जीतबहादुर' र 'जाँड'को आइतबारसम्मको व्यापार विवरण सार्वजनिक गरेको हो । बोर्डका अनुसार वैशाख २५ गतेदेखि प्रदर्शनमा रहेको 'लालीबजार'ले हालसम्म तीन लाख १७ हजार १२ टिकट बिक्री गर्दै नौ करोड ३२ लाख नौ हजार ९२५ रुपैयाँ ग्रस कमाइ गरेको छ । चलचित्रले यसअघि नै प्रदर्शनको ५१ दिन पूरा गरिसकेको छ । जेठ १५ गतेदेखि प्रदर्शनमा आएको 'रोल नं. १' ले ६९ हजार १६६ टिकट बिक्रीबाट एक करोड ७४ लाख ८५ हजार ६५८ रुपैयाँ ग्रस कमाइ गरेको बोर्डले जनाएको छ । त्यस्तै, 'आई एम जीतबहादुर' ले नौ हजार ७४२ टिकट बिक्री गर्दै ३१ लाख ३६ हजार ११२ रुपैयाँ ग्रस कमाएको छ । असार १२ गतेदेखि प्रदर्शनमा आएको 'जाँड' को व्यापार भने अपेक्षाकृत कमजोर देखिएको छ । बोर्डका अनुसार चलचित्रले ५६९ टिकट बिक्रीबाट एक लाख १६ हजार ६४५ रुपैयाँमात्र ग्रस कमाइ गरेको छ । पछिल्लो साताको व्यापार हेर्दा 'लालीबजार' ले थप ३२ हजार २३५ रुपैयाँ कमाएको छ । अघिल्लो सातासम्म यसको कुल ग्रस कमाइ नौ करोड ३१ लाख ७७ हजार ६९० रुपैयाँ रहेको थियो । त्यसैगरी, 'रोल नं. १' ले पछिल्लो सातामा पाँच लाख ८९ हजार ७२० रुपैयाँ थप कमाएको छ । अघिल्लो सातासम्म यसको कुल ग्रस कमाइ एक करोड ६८ लाख ९५ हजार ९३८ रुपैयाँ थियो । 'आई एम जीतबहादुर'ले पनि पछिल्लो सातामा २८ हजार ४२० रुपैयाँ थप कमाएको छ । यसअघि यसको कुल ग्रस कमाइ ३१ लाख सात हजार ६९२ रुपैयाँ रहेको थियो । 'जाँड' को भने पहिलोपटक बक्स अफिस विवरण सार्वजनिक गरिएको हो । अहिले अधिकांश नेपाली चलचित्र प्रदर्शनबाट हटिसकेका छन् । नयाँ नेपाली चलचित्र प्रदर्शनमा नआएका कारण देशभरका अधिकांश सिनेमाघरमा विदेशी चलचित्रले प्रदर्शनको अवसर पाएका छन् ।*-इहिमालयन डटकम*

# रुपन्देहीमा बोरिङको भरमा धान रोपाइँ



**सिद्धार्थनगर (भैरहवा),** असार २३/ मनसुन सक्रिय भए पनि पर्याप्त वर्षा नहुँदा रुपन्देहीका अधिकांश किसान यस वर्ष बोरिङ र पम्पसेटको भरमा धान रोप्न बाध्य भएका छन् । जिल्लाका कोटहीमाई, मर्चवारी, सम्मरीमाई, गैडहवा र ओमसतिया गाउँपालिका तथा लुम्बिनी सांस्कृतिक नगरपालिकालगायतका क्षेत्रमा भूमिगत पानी तानेर धान रोपाइँ भइरहेको छ । विगतका वर्षमा आकाशे पानी र कुलोको सिँचाइमा निर्भर रहने किसान यस वर्ष चर्को घामबीच महँगो खर्च गरेर बोरिङ सञ्चालन गर्न बाध्य भएको स्थानीयहरूले बताएका छन् । समयमै पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित हुनुका साथै उत्पादनमा समेत असर पर्ने चिन्ता किसानमा बढेको छ । लुम्बिनी सांस्कृतिक नगरपालिकाका किसान अमित चौहानले वर्षौंदेखि निर्माण भएका कुलोहरू संरक्षण र मर्मतको अभावमा प्रयोगविहीन बनेकाले खेतसम्म सिँचाइको पानी पुग्न नसकेको बताए । "कुलो छन्, तर पानी छैन, मर्मत नहुँदा किसानले त्यसको लाभ लिन सकेका छैनन्", उनले भने । मर्चवारी गाउँपालिकाका स्थानीय बैजनाथ बरइका अनुसार अहिले अधिकांशले पम्पसेटमार्फत सिँचाइ गरिरहेका छन् । किसानहरुले तीन-चार वटा पम्पसेट एकैसाथ सञ्चालन गरेर रोपाइँ भइरहेको उनको भनाइ छ । स्थानीयका अनुसार मर्चवारसहित रुपन्देहीका दक्षिणी क्षेत्रमा स्थायी सिँचाइ प्रणाली नहुँदा प्रत्येक वर्ष किसानले यस्तै समस्या भोग्दै आएका छन् । भूमिगत पानीमा बढ्दो निर्भरता, डिजेल तथा विद्युत् खर्च र मौसमको अनिश्चितताले खेतीको लागतसमेत उल्लेखनीय रूपमा बढाएको उनीहरूको भनाइ छ । *-रासस*

# ताल्चा लागेका घर...

...खेतीयोग्य जमिनसमेत बाँझो हुन थालेपछि गाउँको उत्पादन र आर्थिक गतिविधिमा पनि असर परेको छ । वृद्धवृद्धाले स्वास्थ्य सेवा, नियमित हेरचाह र आकस्मिक अवस्थामा सहयोग पाउन कठिनाइ हुने गरेको गुनासो गर्छन् । हरेक गाउँमा यातायात, बिजुली, खानेपानी, शिक्षा र स्वास्थ्य र सञ्चारमा सुविधा बढ्दै गएको छ तर गाउँबाट सहर झर्नेहरू घटेका छैनन् । गाउँघरमै सिंहदरबार र दैलोमा स्थानीय सरकारको नारा चलिरहे पनि पहाडी जिल्लामा स्थानीय सरकारलाई पुरानो थातथलो छोडेर सहर र तराईमा बसाइँसराइ गरेर जाने प्रवृत्ति रोक्न चुनौती बनेको छ । केही स्थानीय तहले युवालाई रोक्न प्रयास गरे पनि त्यसो हुन सकेको छैन । युवाको पलायन रोक्न नीति तथा कार्यक्रममा केही कार्यक्रम ल्याइएको तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । कृषि क्षेत्रको विकासमार्फत युवा रोजगारी बढ्ने उनले विश्वास लिए । उनले भने, "अब जसरी हुन्छ, बसाइँसराइ रोक्नुपर्नेछ ।" मान्छेहरू अलिअलि पैसा कमाउन थाले भने बजार नै झर्ने गरेका छन्, बसाइँसराइ रोक्न स्थानीयलाई आयआर्जनसँग जोड्ने, पर्यटन प्रवर्द्धन गर्ने, उद्योगधन्दा सञ्चालन गर्ने, स्रोतसाधनको पहिचान गरेर उपयोग गरी स्वरोजगार बनाउने कामतर्फ स्थानीय सरकारले ध्यान नदिने हो भने गाउँमा बूढाबूढीबाहेक अरू कोही पनि नहुने रिब्दीकोटका गोविन्द पोखरेलको भनाइ छ ।

# विभिन्न स्थानबाट...

...यस्तै पर्साको वीरगंज महानगरपालिका-१६ स्थित मितेरी पुल नजिकबाट अवैध लागूऔषध सहित रसुवा कालिका गाउँपालिका-२ बस्ने निर बहादुर थापा मगरलाई प्रहरीले पक्राउ गरेको छ । यस्तै महोत्तरीको जलेश्वर नगरपालिका-२ जिरोमाईल चोकबाट अवैध लागूऔषध गाँजासहित सोही नगरपालिका-७ बस्ने ६५ वर्षीय रामठकन राय यादवलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीबाट खटिएको प्रहरीले मलिवाराबाट जनकपुरतर्फ जाँदै गरेको ना.४ ख ५२८ नम्बरको बसमा सवार उनलाई उक्त गाँजा सहित फेला पारी पक्राउ गरेको हो । यस्तै चितवनको भरतपुर महानगरपालिका-१८ बाबुराम चोकबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित सोही महानगरपालिका-१९ हेल्थपोष्ट घर भएकी ३२ वर्षीया ज्योती तामाङलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय चनौलीबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै धनुषाको धनुषाधाम नगरपालिका-२ मंगलपुरबाट अवैध लागूऔषध गाँजासहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भोजपुर आमचोक गाउँपालिका-१० बस्ने २१ वर्षीय बिजय राई र २१ वर्षीय आशिष राई रहेका छन् । यस्तै कैलालीको धनगढी उपमहानगरपालिका-७ मनेहराबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित सोही ठाउँ बस्ने १९ वर्षीय महेन्द्र रानालाई प्रहरीले पक्राउ गरेको छ । यस्तै धादिङको रोराङ गाउँपालिका-९ जोगीमाराबाट नियन्त्रित लागूऔषध ट्रामाडोल सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा वीरगंज महानगरपालिका-३ बस्ने ४१ वर्षीय मोहन प्रसाद कुर्मी र ३५ वर्षीया प्रतिमा देवी रहेका छन् ।

यस्तै कास्कीको पोखरा महानगरपालिका-१५ स्यानिमझुवा बस्ने २६ वर्षीय एलेक्स गुरूङलाई अवैध लागूऔषध पोलेन जस्तो देखिने पदार्थ सहित प्रहरीले पक्राउ गरेको छ । यसैगरी कास्कीकै पोखरा महानगरपालिका-५ प्रस्याङबाट अवैध लागूऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने सोही महानगरपालिका-२३ हर्पन घर भएका ३५ वर्षीय विश्वराज परियार र सोही महानगरपालिका-५ मालेपाटन बस्ने ३३ वर्षीय कृष्ण विक रहेका छन् । यस्तै मोरङको विराटनगर महानगरपालिका-१५ बस्ने २३ वर्षीय सिदार्थ कुमार शाहलाई अवैध लागूऔषध गाँजा सहित प्रहरीले पक्राउ गरेको छ । यस्तै उदयपुरको कटारी नगरपालिका-३ कान्छिबजार बस्ने सिन्धुली घर भएका २९ वर्षीय मिलन सुनुवारलाई नियन्त्रित लागूऔषध र नगद ३० हजार सहित प्रहरीले पक्राउ गरेको छ । यस्तै बर्दियाको बढैयाताल गाउँपालिका-८ कण्ठपुरबाट अवैध लागूऔषध र नगद ५ हजार ७ सय रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मधुवन नगरपालिका-५ बस्ने १९ वर्षीय निशान हमाल र सोही नगरपालिका-८ बस्ने २९ वर्षीया करूणा खड्का रहेका छन् । यस्तै दाङको गढवा गाउँपालिका-७ बस्ने ३१ वर्षीय राजेन्द्र चौधरीलाई अवैध लागूऔषध गाँजासहित प्रहरीले पक्राउ गरेको छ । यस्तै मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट अवैध लागूऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मनहरी गाउँपालिका-७ रमनटार बस्ने २३ वर्षीय सुमन गोङ्वा र पर्सा वीरगंज महानगरपालिका-२० अकौनी बस्ने २१ वर्षीय कैलाश राय रहेका छन् ।

## खेलकुद समाचार

# पोर्चुगललाई हराउँदै स्पेन क्वार्टरफाइनलमा



**काठमाडौं,** असार २३/स्पेनले फिफा विश्वकप फुटबलको क्वार्टरफाइनलमा स्थान बनाएको छ । अन्तिम-१६ अन्तर्गतको खेलमा पोर्चुगललाई १-० ले पराजित गर्दै स्पेन अन्तिम आठमा पुगेको हो । पोर्चुगलसँगको खेलमा स्पेनका लागि इन्जुरी टाइममा वैकल्पिक खेलाडीका रूपमा मैदान प्रवेश गरेका मिकेल मेरिनोले गरेको गोल नै निर्णायक बन्यो । सन् २०१० को विश्वविजेता स्पेन यस संस्करणमा अहिलेसम्म एक गोल पनि नखाई क्वार्टरफाइनलमा पुगेको एकमात्र टोली बनेको छ । यससँगै विश्वकप इतिहासमा लगातार ६ खेलसम्म क्लिन सिट राख्ने नयाँ कीर्तिमान पनि बनाएको छ । स्पेनले विश्वकपमा लगातार १० घण्टा ९ मिनेटसम्म गोल नखाने उपलब्धि कायम गरेको हो । युरोपियन च्याम्पियनका रूपमा विश्वकप खेलेको स्पेनले अब क्वार्टरफाइनलमा आयोजक अमेरिका वा बेल्जियममध्ये एक टोलीसँग आगामी शुक्रबार प्रतिस्पर्धा गर्नेछ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचक बढ्यो



**पाल्पा,** असार २३/ धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार साताको दोस्रो सेयर कारोबार दिन मंगलबार परिसूचक २४ दशमलव ५७ अङ्कले वृद्धि भएको हो । नेप्से बढेसँगै २ हजार ६ सय ५ दशमलव ६८ विन्दुमा पुगेको छ । यसअघि सोमबार नेप्से परिसूचक २६ दशमलव २९ अंकले घटेर २ हजार ६ सय २७ दशमलव ११ विन्दुमा पुगेको थियो । सो दिन ३ अर्ब ५५ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । नेप्से बढेसँगै कारोबार रकम पनि सोमबारको तुलनामा वृद्धि भएको छ। यसदिन ३५२ वटा स्क्रिप्सको ९५ लाख १९ हजार ४५२ कित्ता सेयर ४ अर्ब ४० करोड ७ लाख ५२ हजार ५४२ रुपैयाँमा खरिदबिक्री भए । खालंगा हाइड्रो पावरको सेयर सर्वाधिक १४.९९ प्रतिशतले बढ्यो । आरबीबीएस फोकस ४० को सेयर १३.८५ प्रतिशतले बढ्दा सानिगाढ हाइड्रोको सेयर १०.५७ प्रतिशतले बढ्यो । कारोबार रकमका आधारमा १० प्रतिशत केबीएल डिवेन्चर २०९० शीर्ष स्थानमा रह्यो। यसले २० अर्ब माथिको सेयर कारोबार गर्यो।कारोबारमा आएकामध्ये २१० वटा स्टक्सको मूल्य बढ्दा ५७ वटाको घट्यो । १० वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । नेप्से परिसूचक दोहोरो अंकले बढ्दा १३ वटै समूहको उपसूचक सकारात्मक देखिएका छन् । बैंकिङ,डेभलपमेन्ट र ट्रेडिङ समूहको उपसूचक १ प्रतिशत बढीले वृद्धि भए ।


## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/२४**

हरी प्रसाद पौडेलको छोरा, बुद्ध कुमारी पौडेलको पति, पाल्पा जिल्ला, तानसेन न.पा, वडा नं २ बस्ने राम कृष्ण उपाध्यायको मिति २०८२-११-१८ मा र शिव लाल ढकालको नाति, डिल्ली राज ढकालको छोरा, शारदा देवी ढकालको पती, पाल्पा जिल्ला, तानसेन न.पा, वडा नं २ बस्ने लोक प्रसाद ढकालको मिती २०७५-०२-१८ मृत्यु भएको र निजहरुको नाममा यस बैंकको पाल्पा शाखामा संयुक्त बचत खाता रहेको र उक्त संयुक्त बचत खातामा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी लोक प्रसाद ढकालका श्रीमती शारदा देवी ढकाल, राम कृष्ण उपाध्यायको छोरा युवराज पौडेल र उक्त संयुक्त खाता संचालक बंकिम चन्द्र खनालले यस बैंकको पाल्पा शाखा कार्यालयमा निक्षेप दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर उल्लेखित दावीकर्ताहरु बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रितपुर्वक हकदावी नपरेमा सो उपर कुनै कारवाही नहुने वा तोकिएको अवधिभित्र हकदावी सम्बन्धी विवाद सिर्जना भएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
Kumari Bank Limited

**कुमारी बैंक लिमिटेड**
रजिष्टड कार्यालय, टंगाल, काठमाडौं



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई